# प्रेस विज्ञप्ति

माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री डा. बिक्रम तिमिल्सिना र एसियाली विकास बैंकका नेपाल निर्देशक आर्नो कोस्वासहितको प्रतिनिधिहरूबीच मिति २०८३ वैशाख ३ गते सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सिंहदरबारमा शिष्टाचार भेट भयो। उक्त भेटमा डिजिटल ट्रान्सफर्मेसनको क्षेत्रमा आपसी सहकार्य, सहयोग र समन्वयलाई सुदृढ बनाउने विषयमा छलफल भयो।

एसियाली विकास बैंकका नेपाल निर्देशक आर्नो कोस्वाले "नेपालः डिजिटल ट्रान्सफरमेसन प्रोजेक्ट" को प्रभावकारी कार्यान्वयनको लागि आवश्यक नीतिगत र प्रक्रियागत सहजीकरण गरिदिन अनुरोध गर्नुभयो। सो अवसरमा उहाँले निजीक्षेत्रको व्यावसायिक वातावरण बलियो बनाउने, "टेक एण्ड टेक इनेबल्ड इन्डस्ट्री"को प्रवर्द्धन गर्ने तथा रोजगारीका अवसरहरूको श्रृजना गर्ने लगायतका क्षेत्र एसियाली विकास बैंकको प्राथमिकतामा रहेको जानकारी गराउनुभयो । साथै, नेपालले कृषि, पर्यटन र सूचना प्रविधिका क्षेत्रबाट लाभ हासिल गर्न सक्ने सम्भावनाका बारेमा उल्लेख गर्दै नेपालको लाभका क्षेत्रका रुपमा डिजिटल ट्रान्सफर्मेसनका लागि साइबर सुरक्षा, डाटा सुरक्षा, क्लाउड पोलिसी र कृत्रिम बौद्धिकता लगायतका क्षेत्रहरू रहेको समेत बताउनुभयो।

भेटवार्ताका क्रममा माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री डा. बिक्रम तिमिल्सिनाले एसियाली विकास बैंकले नेपाललाई उपलब्ध गराउँदै आएको आर्थिक तथा प्राविधिक सहयोगका लागि धन्यवाद व्यक्त गर्नुका साथै नेपालका विकास आयोजनालाई छिटो र नतिजामूखी तरिकाले सम्पन्न गर्न सरकार प्रतिबद्ध रहेको जानकारी दिनुभयो। नेपालको सूचना प्रविधि पूर्वाधार क्षेत्रमा विगतमा देखिएका समस्या तत्काल समाधान गरी डिजिटल पूर्वाधारको विकासका लागि सरकार प्रतिबद्ध रहेको र यस क्षेत्रमा एसियाली विकास बैंकको निरन्तर सहयोग र सहकार्य रहने अपेक्षा समेत व्यक्त गर्नुभयो।

सो भेटघाटमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका पदाधिकारी तथा परराष्ट्र मन्त्रालय र एसियाली विकास बैंकका प्रतिनिधिहरूको समेत उपस्थिति रहेको थियो।

२०८३।१।३

प्रवक्ता

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय